का.जि.प्र.का.द.नं. १००/०५९/६०

२५ साउन २०७९,
बुधबार
10 August 2022,
Wednesday
मूल्य रु. ५/-

# मध्यान्ह
राष्ट्रिय दैनिक

ईपेपर हेर्न

वर्ष २०, अंक १८६ । पृष्ठ १२ | Madhyanha National Daily | www.madhyanhadaily.com

सात घण्टा एउटै विषयमा छलफल

# जनसंख्याको आधारमा उम्मेदवार !

प्रतिनिधिसभामा मंगलबार एउटै विषयमा ७ घण्टा छलफल भयो । छलफलको सार थियो- आसन्न प्रदेश र प्रतिनिधिसभा चुनावमा महिला र पुरुष बराबरी उम्मेदवार उठाउनुपर्ने बाध्यात्मक कानुनी व्यवस्थाको माग ।



## सरकारको लक्ष्य: ४० प्रतिशत सांसद महिला

**मुकुन्द लामिछाने/मध्यान्ह**
काठमाडौं, २४ साउन ।

सरकारको लक्ष्य संघीय संसदमा ४० प्रतिशत, प्रदेश सभामा ४२ प्रतिशत महिला सहभागिता गराउने रहेको पाइएको छ । तर, यो लक्ष्य आसन्न मंसिर ४ गते हुने चुनावमै पुरा गर्न सकिनेमा सरकार विश्वस्थ छैन । कानुन न्याय तथा संसदीय मामिला मन्त्री गोविन्द बन्दीका अनुसार २०३० सम्ममा संघीय संसदमा ४० प्रतिशत, प्रदेश सभामा ४२ प्रतिशत महिला प्रतिनिधित्व गराउने लक्ष्य राखिएको हो । यस लक्ष्यमा सरकार प्रतिवद्ध रहेको बन्दीको भनाई रहेको छ । राजनीतिक दलहरु पनि सरकारको यो लक्ष्य पुरा गराउन प्रतिवद्ध रहेको उनको विश्वास छ । 'मलाई लाग्छ, यो लक्ष्यमा दलहरु पनि प्रतिवद्ध छन्' मंगलबार प्रतिनिधि सभाको बैठकमा बोल्दै मन्त्री बन्दीले भने ।

सांसदहरुले भने आगामी निर्वाचनमै महिलाको उल्लेख्य सहभागिताका लागि बाध्यकारी कानुनको माग गरे । गोलमटेल जवाफ दिँदै उनले सरकारी लक्ष्य सुनाएका हुन । नेपालको संविधानले एकात्मक संरचनामा रहेको

– बाँकी पृष्ठ २ मा

सरकारले संघीय संसदमा महिलाको सहभागिता ४० प्रतिशत पुऱ्याउने लक्ष्य राखेको छ । तर, यो लक्ष्य पुरा गर्ने मिति सन २०३० लाई टार्गेट गरिएको देखिन्छ ।





प्रत्यक्षमा उम्मेदवारी दिँदा प्रत्येक दलले जनसंख्याको आधारमा समानुपातिक समावेशी प्रतिनिधित्व बमोजिम महिला उम्मेदवारी दिनुपर्ने व्यवस्था आवश्यक छ ।

**अमृता थापा**
सांसद, माओवादी केन्द्र



निरन्तर आजीवन एउटै व्यक्ति उम्मेदवार हुने प्रवृत्तिको अन्त्य जरुरी छ ।

**बिन्दा पाण्डे**
सांसद, नेकपा एमाले

**शिवराज परियार/मध्यान्ह**
काठमाडौं, २४ साउन ।

महिला सांसदहरुले संघीय संसद र प्रदेश सभामा प्रत्यक्षतर्फबाटै महिला सहभागिताको लागि आ-आफ्ना पार्टीमा दबाब दिँदै आएका छन् । आन्तरिक संघर्षले नपुग्ने भएपछि महिला सांसदहरु निर्वाचनका मुखमा शीर्ष नेतृत्वलाई दबाब दिन कहिले सार्वजनिक गोष्टी त कहिले संसदमा बहस सिर्जना गरिरहेका छन् ।

यही क्रममा मंगलबार प्रतिनिधिसभामा यही विषयमा ७ घण्टा छलफल भयो । छलफलको सार थियो- आसन्न प्रदेश र प्रतिनिधिसभा चुनावमा महिला र पुरुष बहाबारी उम्मेदवार उठाउनुपर्ने बाध्यत्मक कानुनी व्यवस्थाको माग । यसका लागि प्रतिनिधिसभामा दुई वटा प्रस्ताव प्रस्तुत भएका थिए ।

पहिलो- आसन्न प्रतिनिधिसभामा प्रदेश र प्रतिनिधिसभाको प्रत्यक्षतर्फको सिटमा आधा महिला उम्मेदवार हुनुपर्ने सम्बन्धी जरुरी सार्वजनिक महत्वको प्रस्ताव । यो प्रस्ताव प्रतिनिधि सभा सदस्य अमृता थापा मगरले पेश गरेकी हुन । अमृता थापा मगर प्रस्तावक रहेको यो प्रस्तावमा लक्ष्मी परियार, लक्ष्मी कुमारी चौधरी, चन्दा चौधरी, रंगमति शाही, बिना बुढाथोकी, लीलादेवी सिटौला, दुर्गा पौडेल, रेखा शर्मा, यशोदा गुरूङ सुवेदी, रेनुका गुरूङ र प्रमिला राई समर्थक छन् ।

यो जरुरी सार्वजनिक महत्वको प्रस्ताव दर्ता गर्नुको दुईवटा उद्देश्य छन् ।

एक- संघीय संसदको प्रतिनिधिसभा र प्रदेशसभाको पहिलो हुने निर्वाचन प्रणाली अन्तरगत उम्मेदवारी दिँदा प्रत्येक दलले जनसंख्याको आधारमा समानुपातिक समावेशी प्रतिनिधित्व बमोजिम महिला उम्मेदवारी दिनुपर्नेछ।

दुई- स्थानीय तहको निर्वाचनमा प्रमुख अध्यक्ष, उपप्रमुख उपाध्यक्ष, वडाध्यक्ष, जिसस प्रमुख र उपप्रमुखमा हरेक दलले कम्तिमा पचास प्रतिशत महिला उम्मेदवारी दिनुपर्नेछ ।

दोस्रो- आगामी निर्वाचनमा प्रदेश सभा र संघीय संसदको निर्वाचनमा महिलाको समानुपातिक सहभागिता गराउने सम्बन्धी ध्यानाकर्षण प्रस्ताव । यो प्रस्ताव प्रतिनिधिसभा सदस्य विन्दा पाण्डेले पेश गरिन ।

दुबै प्रस्ताव माथिको छलफल प्रतिनिधिसभामा भयो । छलफलमा भाग लिँदै सांसदहरुले संविधान र कानुनको मर्म, समावेशी समानुपातिक सिद्धान्तको आवश्यकता र औचित्य साथसाथै नेपालले प्रयोग गर्दै आएको व्यवहारिक अभ्यासमा केन्द्रीत रहेर आफ्ना धारणा राखे । सांसद विन्दा पाण्डेले आफ्नो ध्यानाकर्षण प्रस्ताव प्रस्तुत गर्दै प्रत्यक्ष निर्वाचित

– बाँकी पृष्ठ २ मा

## कहिले पाउने प्रत्यक्ष लड्ने अवसर ?

**कान्ति न्यौपाने/मध्यान्ह**
काठमाडौं, २४ साउन ।

राजनीतिक दलहरुले महिला नेताहरुलाई प्रत्यक्ष चुनाव लड्ने अवशर नदिएको आवाज सदनमा समेत उठ्न थालेको छ । हरेक चुनावमा महिलाहरुलाई समानुपातिक सिट दिएर कमजोर देखाउन खोजिएको भन्दै प्रत्यक्षतर्फ पनि महिलाहरुको समान सहभागिता हुनुपर्ने आवाज उठेको हो ।'

हामीले संविधान यस्तो लेखेका छौं जहाँ महिला र पुरूषबीच कुनै विभेदको कल्पना छैन । संविधानको धारा १८ मा समानताको हकको व्यवस्था छ । हामी व्यवहारमा किन कमजोर छौं ? आगामी मंसिर ४ मा हुने प्रतिनिधिसभा र प्रदेशसभाको निर्वाचनमा हामी महिलाहरू समानुपातिकमा मात्रै होइन प्रत्यक्ष चुनाव लड्ने हिम्मत राख्छौं । सधैंभरि सजिलो बाटोमा हिँडेर हामी कमजोर हुन चाहन्नौं । कठोर र संघर्षशील बाटो हिँडेर राज्यका महत्त्वपूर्ण निकायमा प्रतिनिधित्व गर्न चाहन्छौं । जुन चुनावकै बाटो हो' नेपाली कांग्रेसकी नेता एवं सासंद डिला संग्रौलाले भनिन् । महिला नेताले प्रत्यक्ष चुनाव नलडेसम्म चुनाव झनै खर्चिलो हुने उनको भनाई छ ।

नेकपा माओवादी केन्द्रका नेता तथा सांसद अमृता थापामगरले जनसंख्याको आधारमा उम्मेद्वार चयन हुनुपर्ने माग राखेकी छिन् । 'प्रत्यक्ष (पहिलो हुने निर्वाचन प्रणाली अन्तरगत उम्मेदवारी दिँदा) मा प्रत्येक दलले जनसंख्याको आधारमा समानुपातिक समावेशी प्रतिनिधित्व बमोजिम महिला उम्मेदवारी दिनुपर्ने व्यवस्था आवश्यक छ' उनले भनिन् । निर्वाचन प्रणालीबारे गलत मानसिकता बस्ने सम्भावना देखिएकाले त्यसमा सुधार हुनुपर्ने उनको माग छ ।

नेपालको कुल जनसंख्या २ करोड ९१ लाख मध्ये महिलाको संख्या ६ लाखले बढी छ । तर, गत २०७४ को प्रतिनिधिसभा निर्वाचनमा जम्मा ६ जना महिलाले मात्रै प्रत्यक्ष चुनाव जितेका थिए । समानुपातिकमा ८४ गरि जम्मा ९० जना महिलाको संसदमा प्रतिनिधित्व छ । त्यस्तै, राष्ट्रियसभामा

– बाँकी पृष्ठ २ मा

# सरकारमा सहभागी हुने लोसपाको चाहना

## बाबुराम पनि पच्छ्याउँदै

जसपा सलग्लै रहँदादेखि नै पाँच दलीय सत्ता गठबन्धनमा छ । तर, जसपा फुटाएर नयाँ बनेका दुई दल लोसपा र नेसपा फेरि पनि पाँच दलीय गठबन्धनमै सामेल हुन चाहिरहेका छन् ।



**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, २४ साउन ।

लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा)ले सरकारमा सहभागिताको लागि पहल गरेको छ । लोसपाका नेता राजेन्द्र महतोका अनुसार पार्टी सरकारमा सहभागी हुने वा नहुन भन्ने बारेमा टुंगो भने लागिसकेको छैन ।

सरकारमा नभए पनि पाँच दलीय गठबन्धनमा सामेल हुने लोसपाको तिब्र आकांक्षा देखिन्छ । मंगलवार संसद भवन नयाँ वानेश्वरमा पत्रकारहरुसँग कुरा गर्दै नेता महतोले सरकारमा सहभागी हुने र आगामी निर्वाचनको लागि गठबन्धन गर्ने बारेमा छलफल भइरहेको जानकारी दिए ।

'हामी चुनावको तयारीमा लागिसकेका छौं । गठबन्धनको सवाल पनि उठिरहेको छ । तर अहिले ५ दलीय जुन गठबन्धन हो त्यो गठबन्धनको तर्फबाट आमन्त्रण आइरहेको छ । कुरा पनि भइरहेको छ । चाँडै यो विषयमा हामी टुंगोमा पुग्नेछौं,' उनले भने । यही बेला जसपा फुटाएर अघि बढेका डा.बाबुराम भट्टराई पनि सत्ता गठबन्धनमा सामेल हुन खोजिरहेका छन् । डा. भट्टराईले प्रधानमन्त्री शेरबहादुर देउवासँग भेटेरै यस्तो प्रस्ताव राखेका हुन ।

जसपा फुटाएर डा.भट्टराईले नेपाल समाजवादी पार्टी (नेसपा) गठन गरेका छन् । पार्टीका भट्टराई संगसंगै महेन्द्रराय यादव पनि अध्यक्ष छन् । मंगलबार दुबै अध्यक्षले प्रधानमन्त्री देउवालाई भेटेर आफूहरुलाई पनि सत्ता गठबन्धनमा रहने वातावरण बनाउने प्रस्ताव राखेका हुन ।

लोसपा, जसपा र नेपाल समाजवादी पार्टी केही समयअघिसम्म एउटै थिए । जसपाको अध्यक्षमा उपेन्द्र यादव थिए भने संघीय परिषद अध्यक्षमा डा.भट्टराई । सिनियर अध्यक्षमा महन्थ ठाकुर थिए ।

१ भदौ २०७८ मा सरकारले पार्टी र संसदीय दलमा २० प्रतिशत पुऱ्याए पार्टी फुटाउन सक्ने गरी अध्यादेश ल्याएपछि ठाकुरले जसपा फुटाएर लोसपा बनाए । त्यसपछि पनि जसपामा यादव र डा.भट्टराईका बीचमा टकराव कायमै रह्यो ।

– बाँकी पृष्ठ २ मा

वैदेशिक रोजगार विशेष

# साउदीस्थित नेपाली दूतावासको वृहत अन्तरक्रिया कार्यक्रम स्थगित

**मध्यान्ह संवाददाता**
काठमाडौं, २४ साउन

साउदी अरबस्थित नेपाली दूतावासले आगामी भदौ पहिलो हप्ता गर्ने गरी तय गरेको वृहत अन्तरक्रिया कार्यक्रम स्थगित गरेको छ । विभिन्न कारणले उक्त मुलुकमा कार्यरत नेपाली कामदारको समस्या गहिरिएको भन्दै सुधारका लागि रियादस्थित नेपाली दूतावासले आगामी भदौ ३ गते दूतावासमा वृहत अन्तरक्रिया आयोजना गर्ने तय गरेको थियो ।

दूतावासले नेपाल वैदेशिक रोजगार व्यवसायी संघको मुख्य नेतृत्व र उक्त मुलुकमा वार्षिक तीन सय बढी कामदार पठाएका म्यानपावर कम्पनीका सञ्चालकलाई अन्तर्क्रियामा भाग लिनका लागि पठाउन पत्र पठाएको थियो ।

हाल करिब ४ लाख नेपाली कामदार कार्यरत रहेको उक्त मुलुकमा साउदी श्रम कानून, रोजगारदाताको असहिष्णु व्यवहार, नेपाली कामदारको अराजक तथा अज्ञानी व्यवहार र केही म्यानपावर कम्पनीको गैरजिम्मेवार प्रवृत्तिले नेपाली कामदार शोषणमा परेको नेपाली दूतावासले बताएको छ ।

साउदीका लागि नवनियुक्त नेपाली राजदूत नवराज सुवेदी यसै हप्ता साउदी अरब जाने तयारीमा छन् । दूतावासले नवनियुक्त राजदूत सुवेदीले पदभार ग्रहण गरेपछि उनीसँगको सल्लाहमा अन्तरक्रियाको लागि नयाँ मिति तय गरिने बताएको छ । हाललाई रोकिए पनि पूर्वनिर्धारित अन्तरक्रिया छिट्टै गरिने बताइएको छ ।

केही समययता साउदी अरबको रोजगारी विभिन्न कारणले समस्यामा रहेको छ । दूतावासले साउदी अरबको रोजगारलाई पीडित र शोषणमुक्त बनाउन नीतिगत, संरचनागत, प्रक्रियागत, व्यवहारगत र प्रविधिगत सुधार, अन्तरनिकाय सम्बन्ध तथा व्यापक जनचेतनामूलक कार्यक्रम सञ्चालन गर्नुपर्ने बताएको छ ।

साउदी अरबमा केही नेपाली व्यापार र सेवा क्षेत्रमा भएपनि अधिकांश नेपाली कम तलब र जोखिमपूर्ण मानिने निर्माण क्षेत्रमा कार्यरत रहेका छन् ।

पछिल्लो अवस्थामा वैदेशिक रोजगारीको सिलसिलामा केही म्यानपावर र अनधिकृत एजेन्टको झुटो आश्वासनमा परी साउदी अरबमा जाने, तर त्यहाँ गएपछि म्यानपावर तथा एजेन्टद्वारा भनिए अनुसारका काम, तलब र अन्य सुविधाहरु नपाउने, विदेश जाँदा चर्को

– बाँकी पृष्ठ २ मा


# VACANCY ANNOUCEMENT

A Reputed Manpower Recruitment Company based in Kathmandu is seeking applications from deserved applicants for the following position:-


**• Assistance HR Manager- (M/F) 4 Nos**

Requirements:
- *Minimum 5 years of work experience in similar field.*
- *Must have good PR.*

Salary Above 40,000/- per month

**MOBHIRA RECRUITMENT CONSULTANCY SERVICES (P.) LTD.**
Budhanilkantha-06, Hatigauda, Kathmandu
Contact No.: 9823486681, 9801146233
Email: hr@mobhiraservices.com

# मलेसियामा रोजगारको अवसर



CLAB Construction Labour Exchange Centre Berhad

कम्पनी : CONSTRUCTION LABOUR EXCHANGE CENTER BERHAD

पुर्व स्वीकृत मितिः २०७९/०४/१४ चलानी नं.: ६०१८३९५४ L.T. No.: 268008 शहर : Malaysia

| सि. नं. | कामदारको पद | माग संख्या | | न्यूनतम योग्यता | मासिक तलब | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | | RM | ने. रू. | | | | | | | |
| 1. | Construction Worker | 200 | 0 | स. काममा दक्ष | 1500 | ४२,८८५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

यसै कम्पनिको लागि Mason, Painter, Steel Fixer, Shuttering Carpenter, Scaffolder हरूको पनि माग भएकोले नि:सुल्क परामर्शको लागि सम्पर्क गर्नुहोला ।

Basic Salary 1500 भए पनि ओभर टाईम सहित RM 2062 हुनेछ ।
अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ भदौ १ गते (17 August 2022) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- रोजगारदाताले तिर्ने | रु. १,५००/- रोजगारदाताले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

**Empower Human Resources Management Pvt. Ltd** Gov. Lic No. 1150/073/074

Sinamangal -9, Near by Panchakumari Temple, Kathmandu, Nepal, Tel.: 01-4588265, 01-4599445 | Email: empowerhrnepal@gmail.com
Mobile No. 9828922999, 9801402996, 9851190570, 9849660515, 9860700057, 9819063243, 9818328105, 9814048923

मध्यान्ह
www.madhyanhadaily.com
२५ साउन २०७९, बुधबार
10 August 2022, Wednesday

# नर्भिकलाई २४ घण्टाभित्र संरचना हटाउन निर्देशन

**काठमाडौं/मस–** काठमाडौं महानगरपालिकाले थापाथलीस्थित नर्भिक हस्पिटललाई नियमविपरीत बनाइएको संरचना हटाउन समय दिने भएको छ। सोमबार २४ घण्टाभित्र संरचना हटाउन निर्देशन दिएको महानगरले मंगलबार प्राविधिको सुझावअनुसार संरचना हटाउन समय दिन सहमति जनाएको हो।

काठमाडौं महानगरका मेयर बालेन्द्र साह (बालेन)ले सोमबार नर्भिक हस्पिटल परिसरको अवलोकनपछि २४ घण्टाभित्र सरकारी जग्गामा नियमविपरीत बनाइएका संरचना हटाउन निर्देशन दिएका थिए।

तर मंगलबार दिउँसो नर्भिक हस्पिटलले सरकारसँग सम्झौता गरेर जग्गा भाडामा लिएर संरचना बनाएको बताएपछि अपरान्ह मेयर साह पुनः नर्भिक हस्पिटल पुगे।

सो क्रममा मेयर बालेनसहित महानगर प्रतिनिधि र हस्पिटलका प्रतिनिधिबीच दुवै पक्षका प्राविधिकले दिएको सुझावका आधारमा संरचना हटाउने सहमति भएको हो।

अक्सिजन प्लान्ट र एमआरआई कक्ष रहेकाले यी संरचना हटाउन प्राविधिकले दिने समयभित्र हटाउन नर्भिक राजी भएको हो।

नर्भिकका प्रतिनिधिसँग मेयर बालेनले मन्त्रिपरिषद्बाट जग्गा र संरचना बनाउन



अनुमति दिनेगरी निर्णय गराएर नक्सा पास गरेको महामनगरलाई आपत्ति नरहेको बारम्बार बताए। आफूले नियमसंगत खोजेको र कानून कार्यान्वयन तथा कानूनले कसैले विभेद गर्न नहुने पक्षमा रहेको मेयर बालेनको भनाइ थियो।

नर्भिक हस्पिटलले भाडामा लिएको एक रोपनी ८ आना जग्गाको पश्चिमतर्फ सम्झौताविपरीत र नक्सा पास नगरी टहरा बनाएकोले भत्काउनुपर्ने महानगरको अडान छ।

नर्भिक पुगेका मेयर बालेनले सरकारी जग्गामा नक्सा पास नगरिकन संरचना बनाउन नपाइने भन्दै हस्पिटलका प्रतिनिधिलाई बारम्बार सम्झाएका थिए। त्यसपछि नक्सा पास गर्न आफूहरु तयार रहेको हस्पिटलका प्रतिनिधिले पनि बताए। यसका लागि समय दिन माग गरेपछि दुवै पक्षका प्राविधिकले भनेअनुसार समय उपलब्ध गराउन मेयर बालेन सहमत भए।

**'संरचना भत्काउँदैनौं'**

नर्भिक इन्टरनेशल हस्पिटल प्रा.लिले भने काठमाडौं महानगरले भने जस्तो आफूले बनाएका भौतिक संरचना भत्काएर जग्गा खाली गर्न नसकिने जनाएको छ।

काठमाडौं महानगरले सरकारी जग्गा अतिक्रमण गरेर बनाइएका भौतिक संरचना भत्काएर खाली गर्न निर्देशन दिएपछि नर्भिकले सरकारसँग आफू २० वर्षका लागि भाडामा लिएको भन्दै उक्त जग्गा खाली नगर्ने जवाफ दिएको छ।

नर्भिक हस्पिटलका अध्यक्ष राजेन्द्रबहादुर सिंहले मंगलबार पत्रकार सम्मेलन गरेर आफूहरुले उक्त जग्गा खाली गर्नँनपर्ने दाबी गरेका हुन्। २०६५ सालमा नेपाल सरकारको तर्फबाट भूमिसुधार कार्यालय काठमाडौंका भूमिसुधार अधिकारी लुम्बप्रसाद सिवाकोटीसँग २० वर्षका लागि उक्त जग्गा भाडामा लिएको भन्दै उनले सम्झौतापत्रसमेत सार्वजनिक गरेका छन्।

काठमाडौं महानगरपालिकाले २४ घण्टाभित्र उक्त जग्गा खाली गर्न निर्देशन दिएपछि नर्भिकले सम्झौतापत्र नै सार्वजनिक गरेर जग्गा खाली नगर्ने बताएको हो।

पत्रकार सम्मेलनमा हस्पिटलका अध्यक्ष सिंहले उनले महानगरले खाली गर्न भनेको जग्गामा टहराहरु बनाएर अक्सिजन प्लान्टदेखि बिजुली, पानीजस्ता अत्यावश्यक वस्तुहरुको सप्लाइ गरेको जानकारी दिए।

# अर्थतन्त्रमा बल पुऱ्याउने गरी वनको सदुपयोग गर्न'पर्छ : ओली

**काठमाडौं/मस–** नेकपा एमालेका अध्यक्ष एवं पूर्वप्रधानमन्त्री केपी शर्मा ओलीले राष्ट्रिय अर्थतन्त्रमा बल पुऱ्याउने गरी वनको सदुपयोग गर्नँपर्नेमा जोड दिएका छन्।

सामूदायिक वन दिवसको अवसर पारेर मंगलबार काठमाडौंमा आयोजित कार्यक्रममा उनले वनको सदुपयोग गरेर मुलुकमा रोजगारीको अवसर सृजना गर्न सकिने, विकास र समृद्धिको अभियानलाई तिव्रताका साथ अघि बढाउन सकिने बताएका हुन्। सामूदायिक वनको अवधारणाको माध्यामबाट नै नेपालमा वनको विनाश रोकिएको र त्यसैकारण कार्बन व्यापारको सम्भावनाको मार्ग पनि खुलेको अध्यक्ष ओलीले स्मरण गरे।



अध्यक्ष ओलीले नेपालले सामूदायिक वनमार्फत विश्वलाई सकारात्मक योगदान पुऱ्याएको पनि स्पष्ट पारे।

उनले नेपाल वन र वनस्पतीहरुका लागि अनुकूल भूमि भएको उल्लेख गर्दै यसैको सदुपयोग गरेर अघि बढ्दा सिंगो मानवजातिकै हित हुने धारणा पनि राखे।

अध्यक्ष ओलीले केही समयअघि वैज्ञानिक वन व्यवस्थापनको नाममा वन विनाशको काम शुरु भएपनि आफू नेतृत्वको सरकारले त्यसलाई रोकेर दीगो वन व्यवस्थापनको नीति अघि सारेको बताए।

# विद्युत् चुहावट घट्दो

**जनकपुरधाम/मस–** मधेस प्रदेशमा आर्थिक वर्ष २०७८/७९ मा दुई दशमलव ६९ प्रतिशत विद्युत् चुहावट घट्को छ। विद्युत् चुहाबट नियन्त्रण अभियानअन्तर्गत हुकिङ नियन्त्रण, ग्राहकको विलिङमा सुधार, लामो समयदेखि बन्द रहेको मिटर परिवर्तन र विद्युत् रिडिङमा सुधारलगायत प्राधिकरणको प्रणाली सुदृढिकरण भएसँगै निरन्तर विद्युत् चुहावट घट्दै गएको हो।

आर्थिक वर्ष २०७७/७८ मा १६ दशमलव ५४ प्रतिशत विद्युत् चुहावट भएकामा आर्थिक वर्ष २०७८/७९ मा १४ दशमलव १७ प्रतिशत चुहावट झरेको विद्युत् प्राधिकरणको जनकपुरधामस्थित प्रादेशिक कार्यालयले जनाएको छ।

आर्थिक २०७८/७९ मा सबैभन्दा बढी सिमरौनगढ वितरण केन्द्रले नौ प्रतिशत, सिरहाको लिहान वितरण केन्द्र, धनुषाको यदुकाहा वितरण केन्द्र र महोत्तरीको जलेश्वर वितरण केन्द्रले आठ/आठ प्रतिशत तथा सिरहाको मिर्चैया वितरण केन्द्रले चार प्रतिशत विद्युत् चुहाबट नियन्त्रण गरेको उक्त कार्यालयका प्रमुख ई मुनिन्द्र ठाकुरले जानकारी दिए।

उनका अनुसार सिमरौनगढ वितरण केन्द्रले ५० दशमलव ७१ प्रतिशतबाट ४१ दशमलव चार प्रतिशतमा, लहान वितरण केन्द्रले ३३ प्रतिशतबाट २५ प्रतिशतमा, यदुकहा वितरण केन्द्रले ३४ दशमलव ७३ प्रतिशतबाट २६ दशमलव ३४ प्रतिशतमा, जलेश्वर वितरण केन्द्रले ४३ प्रतिशतबाट ३५ प्रतिशतमा र सिरहाको मिर्चैया वितरण केन्द्रले सात दशमवल छ प्रतिशतबाट चार दशमलव ८० प्रतिशतमा विद्युत् चुहावट झारेको छ।

विद्युत् चुहाबटको दृष्टिकोणले सबैभन्दा बढी सर्लाहीको मलङ्गवा र सिमरौनगढ क्षेत्रमा ४१/४१ प्रतिशत, महोत्तरीको जलेश्वर, रौतहटको मौलापुर तथा गौर क्षेत्रमा ३५/३५ प्रतिशत विद्युत् चुहावट हुँदै आएको उक्त कार्यालयले जनाएको छ।

**हकदावी सम्बन्धी ३५ दिने सूचना**

कम्पनी ऐन २०६३ बमोजिम मिति २०७३/१०/२० मा दर्ता भएको **प्रा.लि. नं. १६३०११** को **आर्केज रोडा ढुङ्ग उद्योग प्रा.लि.**को मिति २०७९/०४/२४ मा सम्पन्न संचालक समितिको निर्णय बमोजिम कम्पनी ऐन २०६३ को दफा १२६ बमोजिम स्वेच्छिक खारेजी लिक्विडेशनमा लैजाने निर्णय गरेकोले यस कम्पनीसँग कोही कसैलाई कुनै किसिमको लेनदेन बाँकी बक्यौता रहेको भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्रमा निम्न लिखित लिक्विडेटरको कार्यालयमा हकदाबी गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना जारी गरिएको छ।

**लिक्वीडेटरः रोशन कुमार बजिमय,** **इजाजत प्र.प.नं. ३२१**
**ठेगानाः त्रिपुरेश्वर, काठमाडौं** **मोबाईल नं. ९८४१३६९७७१**

**नाम परिवर्तन सम्बन्धी सूचना**

**तेस्रो पटक प्रकाशित मिति २०७९/०४/२५**

यस कम्पनीको मिति २०७९/०४/११ मा सम्पन्न विशेष साधारण सभाको निर्णय बमोजिम साविक कम्पनी **भिन्टेज विजनेस एड्भाइजर्स प्रा.लि.**मा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नुपर्ने कर दायित्व आदि परिवर्तित नाम **भिन्टेज विजनेस एड्भाइजरी प्रा.लि.**ले सकार्ने व्यहोर्ने गरी श्री कम्पनी रजिष्ट्रारको कार्यालयबाट समेत मिति २०७९/०४/१८ गतेको निर्णयअनुसार कम्पनीको नाम परिवर्तन गरी **भिन्टेज विजनेस एड्भाइजरी प्रा.लि.**(प्रा.लि.नं.२९३७६०) कायम गरिएको ब्यहोरा सम्बद्व सबैका लागि जानकारी गराईन्छ।

# एम्बुलेन्स खरिद गर्न कागेश्वरी मनोहरा नगरको सहयोग

**काठमाडौं/मस–** काठमाडौं कागेश्वरी मनोहरा नगरपालिकाले असहाय गाईबाच्छा उद्धार गरी संरक्षणका लागि एम्बुलेन्स खरिद गर्न रु २३ लाख आर्थिक सहयोग गरेको छ।

नगर प्रमुख उपेन्द्र कार्कीले असहाय गाईबाच्छा संरक्षण अभियानका संयोजक उत्तम पुडासैनीलाई सोमबार रु २३ लाखको चेक हस्तान्तरण गरेका हुन्।

प्राप्त सहयोगले सडक, मठमन्दिर एवं सार्वजनिकस्थलबाट गाईबाच्छा उद्धार गरी संरक्षण स्थलसम्म लैजान पशु एम्बुलेन्स खरिद गरिने भएको छ। अभियानले विसं २०७५ जेठ १ गतेदेखि सडक, मठमन्दिर एवं सार्वजनिक स्थलमा छाडा छोडिएका गाईबाच्छाको उद्धार गरी संरक्षण गर्दै आएको छ।

एम्बुलेन्स खरिद गर्न नगरपालिकाबाट सहयोग प्राप्त भएसँगै लामो समयदेखिको




सपना साकार भएको संयोजक पुडासैनीले बताउनुभयो। यो धर्ती अबोध प्राणीको पनि भएकाले निरन्तर सहयोग जुटाउँदै अभियानले छाडा छोडिएको गाईबाच्छा संरक्षण गर्दै आएको छ। लक्ष्मीमाताका रूपमा वैदिक सनातन हिन्दू धर्मावलम्बीले पुज्ने गाईबाच्छाले पनि ससम्मान जिउन पाउनुपर्छ भन्ने स्थापित गर्न अभियान सुरु भएको हो।

सडकमा अलपत्र गाईबाच्छाको उद्धारमा अहोरात्र क्रियाशील असहाय गाईबाच्छा संरक्षण अभियानको आश्रयस्थलमा हाल करिब दुई सय गाईबाच्छाले संरक्षण पाइरहेका छन्। अभियानअन्तर्गत हरेक दिन सडकमा अलपत्र छाडिएका गाईबाच्छाको उद्धार गरिँदै आएको छ।

स्वयंसेवीस्तरमा सञ्चालित अभियानमा व्यापक जनसमर्थन रहँदै आएको छ। समर्थनस्वरूप स्थानीयवासी र टाढाटाढाबाट समेत जन्मदिन मनाउन असहाय गाईबाच्छा संरक्षणस्थलमा सहयोगीको भीड लाग्ने गरेको छ। एम्बुलेन्सको आगमनसँगै अभियानमा नयाँ आयाम थपिने भएको छ।

आगामी हप्तादेखि अलपत्र गाईबाच्छाको उद्धार एवं उपचारका लागि पशु एम्बुलेन्स प्रयोगमा आउने छ। अभियानका लागि नगरपालिकाको वडा नं ८ गोठाटारमा पशुपति क्षेत्र विकास कोषले एक सय रोपनी जग्गा उपलब्ध गराएको छ। कोषको गुरुयोजनाअनुसार यो स्थानमा गौशाला स्थापना गर्ने लक्ष्य राखिएको छ।

### जनसंख्याको...

सांसदमा पुरुष र समानुपातिकमा महिला भन्ने जस्तो हुन गएको भनी सच्याउनुपर्नेमा जोड दिइन। 'मंसिरमा हुने निर्वाचन र आगामी दिनमा पनि पहिलो हुने निर्वाचन अन्तर्गत उम्मेदवारी दिँदा समानुपातिक प्रणाली अनुसार उम्मेदवार तय गर्नुपर्ने व्यवस्था गरियोस्', उनले भनिन्।

साथसाथै एउटा व्यक्ति एउटा निर्वाचन क्षेत्रबाट दुई पटक मात्रै उम्मेदवार हुन पाउने व्यवस्था गर्नुपर्ने' पनि उनको प्रस्ताव छ। 'निरन्तर आजीवन एउटै व्यक्ति उम्मेदवार हुने प्रवृत्तिको अन्त्य जरुरी छ', उनले भनिन्। ध्यानाकर्षण प्रस्तावमाथि बोल्नका लागि कसैले हस्ताक्षर गरेर प्रस्तवमै नाम उल्लेख नगरेको भन्दै सभामुखले अन्य सांसदलाई बोल्ने मौका नै दिएनन्।

माओवादी केन्द्रकी सांसद अमृता थापाले जरुरी सार्वजनिक महत्वको प्रस्ताव प्रस्तुत गर्दै आगामी चुनावमा जनसंख्याको आधारमा उम्मेदवार उठाउन माग राखिन्। 'प्रत्यक्ष (पहिलो हुने निर्वाचन प्रणाली अन्तरगत उम्मेदवारी दिँदा) मा प्रत्येक दलले जनसंख्याको आधारमा समानुपातिक समावेशी प्रतिनिधित्व बमोजिम महिला उम्मेदवारी दिनुपर्ने व्यवस्था आवश्यक छ', उनले भनिन्।

स्थानीय तहको निर्वाचनमा प्रमुख अध्यक्ष, उपप्रमुख उपाध्यक्ष, वडाध्यक्ष, जिसस प्रमुख र उपप्रमुखमा हरेक दलले कम्तिमा पचास प्रतिशत महिला उम्मेदवारी दिनुपर्ने माग पनि उनको छ।

यी दुबै माग सम्बोधन गर्न प्रचलित निर्वाचन सम्बन्धी कानुनहरु संशोधन गर्नुपर्ने उनको माग छ। प्रत्यक्षमा पुरुष मात्रै र समानुपातिकमा महिला मात्रै जस्तो हुन गएकाले जरुरी सार्वजनिक महत्वको प्रस्ताव ल्याउनु परेको उनको भनाइ छ। अन्यथा निर्वाचन प्रणालीबारे गलत मानसिकता बस्न जाने उनको चिन्ता छ।

अमृता थापा मगर प्रस्तावक रहेको प्रस्तावमा समर्थक रहेका सांसद लक्ष्मी परियार, लक्ष्मीकुमारी चौधरी, चन्दा चौधरी, रंगमति शाही, बिना बुढाथोकी, लीलादेवी सिटौला, दुर्गा पौडेल, रेखा शर्मा, यशोदा गुरूङ सुवेदी, रेनुका गुरूङ र प्रमिला राईले बहसमा भाग लिए।

सांसद लक्ष्मी परियारले मिश्रित निर्वाचन प्रणाली र समानुपातिक दुवैमा महिला र पुरुषको समान सहभागिता आवश्यक रहेको बताइन्। उनले भनिन्, 'समानुपातिक निर्वाचन महिलाहरुको पेवा हो ? प्रत्यक्ष निर्वाचन प्रणाली पुरुषहरुको पेवा हो ? प्रत्यक्षमा मात्रै भन्दा पुरुषहरु पनि अवसरबाट वञ्चित भएका छ। यसकारण अब प्रत्यक्षमा ५०/५० प्रतिशत महिला र पुरुष हुन आवश्यक छ।'

अर्का सांसद चन्दा चौधरीले थपिन्, 'समानुपातिककै लागि महिला जन्मिएको होइन। प्रत्यक्षमा पनि लड्न तयार छन्। ५१ प्रतिशत जनसंख्याको आधारमा उम्मेदवार चयन दलहरुले गर्नुपर्छ। महिलाहरु पनि सक्षम छन्।'

अर्का सांसद रंगमति शाही प्रश्न गर्छिन, 'घरमा आमा, छोरी, बुहारी भएन भने के हुन्छ ?'

उनी थप्छिन्, 'राज्य संजालमा पनि महलिा हुन आवश्यक छ। जनसंख्याका आधारमा महिला प्रतिनिधित्व हुनुपर्दछ।'

महिला सांसदहरुले बहसमा भाग नलिएर सुनिरहेका पुरुष सांसदहरुलाई विश्वासमा लिने प्रयास गरे।

सांसद लीलादेवी सिटौलाले भनिन्, 'पार्टीमा धेरै योगदान गरेका पुरुषहरु पनि समानुपातिक मार्फत आउन सक्नुभएको छैन। यसकारण पुरुषहरु पनि विभेदमा परेका छन्। यसकारण यो प्रस्ताव सबैको हो।'

### सरकारको...

राज्य प्रणालीलाई संघीय लोकतान्त्रिक संरचनामा बदल्दै जाँदा समावेशी र समानुपातिक सहभागिता गराउने बाचा गरेको उनको भनाई छ। यसलाई पुरा गर्न कानुन संगसंगै राजनीतिक इच्छा शक्तिको पनि उत्तिकै भूमिका रहने उनको जवाफ छ।

महिला सहभागितालाई बाध्यकारी बनाउन सांसदहरुले निर्वाचन सम्बन्धी कानुन संशोधनको आवश्यकता औंल्याएका थिए। कतिपय सांसदले चालु अधिवेशनमै नयाँ विधेयक ल्याएर कानुन बनाउन सकिने वा नसकिनेमा संशय व्यक्त गरे। जवाफमा मन्त्री बन्दीले प्रतिनिधिसभाको चालु अधिवेशन अझै केही समय चल्ने बताए। प्रतिनिधिसभाले यो अधिवेशनमा थुप्रै कानुन बनाउने पनि उनको दाबी छ।

खासगरी, प्रमुख प्रतिपक्षी नेकपा एमालेले चुनाव घोषणा गरिसकेको अवस्थामा सरकारले संसदलाई बिजनेस दिन नमिल्ने बताउँदै आएको छ। यसलाई समेत ख्यमाल गर्दै बन्दीले भनेका छन्, 'यो पार्लियामेन्ट अझै चल्छ। थुप्रै कानुनहरु बनाउँछ।'

निर्वाचन आयोगका अनुसार आयोगले निर्वाचन सम्बन्धी एकीकृत कानुनको मस्यौदा तयार पारेको छ। तयार मस्यौदामा प्रदेशसभा र प्रतिनिधिसभामा निर्वाचनमा दलहरुले ५० प्रतिशत महिला उम्मेदवार उठाउनुपर्ने विषयलाई समावेश गर्नुपर्ने महिला सांसदहरुको प्रस्ताव छ।

### कहिले...

२१ जना महिला गरि संघीय संसदमा ११२ जना महिला सांसद रहेका छन्। अन्तर्राष्ट्रिय स्तरमा पनि रूवाण्डामा तल्लो सदनमा ६१ प्रतिशत र माथिल्लो सदनमा ३४ प्रतिशत बढी महिलाको प्रतिनिधित्व छ। त्यस्तै, क्युबामा ५३ प्रतिशत, मेक्सिको र युएईमा ५० प्रतिशत, न्युजिल्याण्डमा ४९ प्रतिशतभन्दा बढी महिलाको प्रतिनिधित्व सदनमा छ। साथै फ्रान्समा भने २ प्रतिशत भन्दा बढीले उम्मेदवारीमा लैंगिक रूपमा फरक देखियो भने १.५ गुणाले सार्वजनिक कोषमा घटाउने व्यवस्था रहेको छ। नेपाललमा पनि प्रत्यक्ष निर्वाचनामा महिलाको उल्लेख्य सहभागिता हुनुपर्ने आवाज पटकपटक उठेपनि त्यसको कार्यान्वयन भने हुनसकेको छैन।

### सरकारमा...

अन्तत चुनावको मुखमा आएर डा.भट्टराई पनि जसपा फुटाएर अघि बढेका छन। सरकारले आगामी मंसिर ४ गतेलाई प्रदेश र प्रतिनिधिसभा चुनावको मिति घोषणा गरेको छ। जसपा सिंगै रहँदा पनि पाँच दलीय गठबन्धनमा थियो, अहिले पनि छ। तर, जसपाबाट फुटेर गएर दुइ पार्टीका नेतृत्वले भने आफुले बनाएका नयाँ पार्टीलाई पनि गठबन्धनमा सामेल गराउने प्रयास गरिरहेका छन्।

### साउदीस्थित...

ब्याजमा ऋण लिएर गएको र थोरै तलबमा सन्तुष्ट नहुने, धेरै तलबको प्रलोभनमा पर्ने, अकामा बनाउन समय लाग्ने, नेपाल फर्किन चाहे पनि सहजै नेपाल फर्किन नपाउने, कम्पनी, म्यानपावर एजेन्ट सबैतिर आफ्नो कुरा राखे पनि सुनुवाइ नहुँदा नेपाल फर्कन नसक्ने अवस्थामा केही नेपालीहरु भागेर अलपत्र पर्ने समस्या रहेको कामदारहरूले बताउने गरेका छन्। तलब नपाउने र अकामा नबन्ने समस्या परेपछि कम्पनी वा नेपाल सरकारबाट सहयोग पाउन कठिन र लामो समय लाग्ने भएकाले कम्पनी छोडेर भाग्ने समस्या साउदीको गम्भीर समस्या रहेको कतिपयको भनाइ छ।

यस्तै मलेसियाको रोजगारी खुलेको र तलब पनि बढेका कारण करार अनुसारको तलब सुविधा नपाएको बहानाबाजी गरेर नेपाल फर्काउन कामदार हरुले दबाब दिने प्रवृत्ति पनि उत्तिकै रहेको व्यवसायीहरूको भनाइ छ।

**मलेसियामा रोजगार** | **१. कम्पनीः SOLID FOUNDRY SDN BHD** **शहरः MALAYSIA**

पूर्व स्वीकृत मितिः २०७९/०४/२४ चलानी नं.: ६०१८५०३१ L.T. No.: 269016

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Manufacturing | 20 | 0 | स. काममा दक्ष | 1500 | ४२,७८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

**२. कम्पनीः CK KANGAROO SHOES SENDIRIAN BERHAD** **शहरः MALAYSIA**

पूर्व स्वीकृत मितिः २०७९/०४/२३ चलानी नं.: ६०१८५०३२ L.T. No.: 269017

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Manufacturing | 20 | 0 | स. काममा दक्ष | 1500 | ४२,७८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ भदौ १ गते (17 August 2022) मा हुनेछ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/– कामदारले तिर्ने | रु. १,५००/– कामदारले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला। ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला।

श्रम इजाजत नं. ९२५/०६७/०६८
**गोर्खा नेपाल प्लेसमेन्ट सर्भिसेज प्रा. लि.**
बसुन्धारा–९, धापासी, फोनः ४३८०७७८, ४३८०८७९, फ्याक्सः ४३६६३५८
Email: gnps925@gmail.com | URL: www.gnpsnepal.com

**SAUDI र KUWAIT मा वैदेशिक रोजगारको अवसर**

**१. कम्पनी : UNITED GREENHOUSE COMPANY** **शहर : RIYADH**

पूर्व स्वीकृत मितिः २०७९/०१/०४ चलानी नं.: ६०१७८००६ LT. No.: 261325 पुन विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Agriculture Labour | 17 | 0 | स. काममा दक्ष | 1000 | ३३,८४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**२. कम्पनीः CROWNE PLAZA HOTEL KUWAIT THURAYA CITY** **शहरः KUWAIT**

पूर्व स्वीकृत मितिः २०७८/१०/१२ चलानी नं.: ६०१७३४२५ LT. No.: 256939 पुन विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Room Attendant | 24 | 0 | सम्बन्धित काममा दक्ष | 100 | ४१,४५८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Steward | 5 | 0 | | 100 | ४१,४५८ | | | | | | | |
| 3. | MESSENGER | 8 | 0 | | 110 | ४५,६०३ | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा २०७९ साउन २६ गते (11 August 2022) मा हुनेछ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/– कामदारले तिर्ने | रु. १,५००/– कामदारले तिर्ने | क.नं. २ को निःशुल्क क.नं. १ को रु. १०,०००/– |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला। ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला।

श्रम इजाजत नं. ९००/०६७/०६८
**स्काई-वे म्यानेजमेन्ट प्रा. लि.**
गौशला, काठमाडौं, नेपाल, फोनः ०१-४५६०१६०, ४५७१४७१
Email: skywaygaushala@gmail.com, Web: www.skywaynepal.com

# संक्रमणबाट मृत्यु हुनेमध्ये ७५ प्रतिशत खोप नलगाएका



**काठमाडौं/मस–** कोरोना भाइरसको संक्रमणबाट मृत्यु हुने अधिकांश खोप नलगाएका रहेको स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले जनाएको छ । मन्त्रालयका सहप्रवक्ता डा.समिरकुमार अधिकारीका अनुसार हालसम्म मृत्यु भएकामध्ये ७५ प्रतिशतले कोरोना भाइरसविरुद्धको खोप लगाएका छैनन् ।

उनले कोरोना भाइरसविरुद्धको खोप नलगाएका उच्च जोखिममा भएकाले खोप लगाउन आग्रह गरे । 'खोप नलगाएका उच्च जोखिममा रहेकाले खोप नलगाउनुभएका सबैले आफ्नो नजिकको स्वास्थ्य संस्थामा गई आवश्यकताअनुसार पहिलो, दोस्रो र बुष्टर मात्रा खोप लगाउन आग्रह गर्दछौं' उनले भने ।

मंगलबार मात्र कोरोना भाइरसको सङ्क्रमणबाट दुई जनाको निधन भएको छ । अहिलेसम्म ११ हजार नौ सय ७४ सङ्क्रमणको कारणले मृत्यु भएको छ । नेपालमा सङ्क्रमणको कारणले प्रति दशलाखमा ४१० दशमलव २ जनाको निधन भइसकेको छ ।

मन्त्रालयका अनुसार खोप नलगाएको मानिसलाई कोभिड-१९ सङ्क्रमण भयो भने त्यस्ता मानिस गम्भीररूपमा बिरामी पर्ने र मृत्यु हुने सम्भावना खोप लगाएको मानिसको तुलनामा १० गुणा बढी हुने गर्दछ ।

यस्तै पहिलो र दोस्रो खोप लगाएकाहरूलाई बुष्टर मात्रा लगाउन आग्रह गरिएको छ । बुष्टर मात्रा खोपले गम्भीर बिरामी पर्ने वा मृत्यु हुनबाट लगभग ८५ प्रतिशत सुरक्षा प्रदान गर्छ ।

सरकारले लक्षित जनसंख्याको ९३ दशमलव ३ प्रतिशत पहिलो मात्रा र ८८ दशमलव ५ प्रतिशत दोस्रो मात्राको खोप लगाइसकेका छन् । मन्त्रालयले कोभिड-१९ बाट संक्रमित ५० प्रतिशत मानिसमा कुनै पनि लक्षण नदेखिएकाले संक्रमणबाट बच्नका लागि खोप लगाउन आग्रह गरिएको छ ।

सङ्क्रमणबाट बच्नका लागि नाक, मुख छोपिने गरी सही तरिकाले मास्क लगाउन, भौतिक दूरी कायम गर्न, खोक्दा वा हाच्छ्युँ गर्दा पाखुरादेखि नाडीसम्मको भागले छोप्न, झ्याल सधैँ खुला राख्न र बेलाबेलामा साबुन पानीले मिचीमिची हात धुन आग्रह गरेको छ । अहिले दैनिक एक हजारभन्दा बढी सङ्क्रमण देखिने गरेको छ ।

**भारतबाट फर्किएका ४२ मा कोरोना संक्रमण**

सुदूरपश्चिम प्रदेशमा एकै दिन ८४ जनामा कोरोना सङ्क्रमण देखिएको छ । गएको २४ घण्टामा एक हजार १०७ को परीक्षण गर्दा ८४ मा सङ्क्रमण पुष्टि भएको सुदूरपश्चिम प्रदेश स्वास्थ्य निर्देशनालयले जनाएको छ ।

सङ्क्रमण देखिनेमा सबैभन्दा बढी कञ्चनपुरका ४२, कैलालीका ३३, अछामका चार, दार्चुलाका दुई र बझाङ, डोटी र बैतडीका एक /एक रहेका छन् । तीमध्ये भारतबाट फर्किएका ४२ मा सङ्क्रमण पुष्टि भएको हो । गड्डाचौकी नाकाबाट फर्किएका २३, गौरीफन्टा नाकाबाट १६, पुलघाट नाकाबाट दुई र झुलाघाट नाकाबाट फर्किएका एक जनामा सङ्क्रमण देखिएको निर्देशनालयका कोभिड-१९ सम्पर्क व्यक्ति हेमराज जोशीले जानकारी दिनुभयो । यसअघि सोमबार यस प्रदेशमा एक सय २१ मा सङ्क्रमण देखापरेको थियो ।

यस प्रदेशका भारतसँग सीमा जोडिएका सबै नाकामा हेल्थ डेस्क स्थापना गरेर नाकामै कोरोना परीक्षण कार्य जारी रहेको छ । सुदूरपश्चिममा हालसम्म पाँच लाख ६५ हजार सात सय ९२ को कोरोना परीक्षण गरिएकोमा ६० हजार पाँच सय ११ मा सङ्क्रमण देखिएको छ । सङ्क्रमणका कारण हालसम्म छ सय ३४ को ज्यान गइसकेको छ ।

# आयोगको प्रतिवेदनप्रति बेवास्ता

**गण्डकी/मस–** गण्डकी प्रदेशमा करको दर वृद्धिको विषयले यतिखेर सरकारको आलोचना भएको छ ।

करको दर वृद्धिले जनतालाई मारमा पारेको भन्दै यसलाई तत्काल सच्याउने माग भइरहेका अवस्थामा यस्तो अवस्था किन आयो चासो र चर्चाको विषय बनेको छ । प्रदेश नीति तथा योजना आयोगको संलग्नतामा अर्थ मन्त्रालयले बजेट बनाउने व्यवस्था रहेपनि बजेट निर्माणमा प्रदेश नीति तथा योजना आयोगकै प्रतिवेदनलाई बेवास्ता गरिँदा समस्या बढाएको आयोगका उपाध्यक्ष डा.रघुराज काफ्लेले बताए ।

बजेट निर्माणमा करका दरका अतिरिक्त कार्यक्रमबारे समेत मुख्यमन्त्रीको सल्लाह अर्थ मन्त्रालयले लिनुपर्ने भए पनि त्यस सम्बन्धमा अर्थ उदार बन्न नसक्दा एकपछि अर्को रुपमा आलोचनाको सिकार बन्नुपरेको उपाध्यक्ष काफ्लेको भनाइ छ । आफूले विभिन्न सार्वजनिक कार्यक्रममा समेत विद्यमान कठिन अवस्थामा करको दर बढाउन नहुने र दायरा बढाउनुपर्ने भन्दै आएको उल्लेख गर्दै उपाध्यक्ष काफ्लेले भने, 'नीति तथा योजना आयोगले अर्थलाई दिएको सुझावमा स्पष्टरूपमा करको दायरा वृद्धि गर्ने, कर प्रशासनमा सुधार गर्ने, आर्थिक गतिविधि गरेर आन्तरिक स्रोत परिचालन परिचालन गर्नपर्ने उल्लेख थियो तर अर्थले त्यसको बेवास्ता गरी करको दर बढाउँदा सरकार आलोचित बन्ने अवस्था आएको हो ।'

करका दरमा भएको वृद्धिप्रति जनगुनासो बढेपछि मुख्यमन्त्री कृष्णचन्द्र नेपाली पोखरेलले सम्बन्धित मन्त्रालयका सचिवहरू रहने गरी अध्ययन समिति गठन गरेका छन् । समितिले विगत र अहिलेको कर दरका अतिरिक्त अन्य प्रदेशको दरबारे समेत अध्ययन गरेर प्रतिवेदन बुझाउनेछ । सवारी यातायात नवीकरणको जरिवानामा देखिएको अस्पष्टताका बारेमा पनि मुख्यमन्त्री आफैँले चासो दिएपछि सम्बन्धित मन्त्रालयबाट प्रस्ताव मागेर मन्त्रिपरिषद्ले परिमार्जन गरेको थियो ।

अर्थ मन्त्रालय भने आर्थिक ऐन २०७९ तर्जमा गर्दा अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ बमोजिम प्रदेशमा ४० प्रतिशत र स्थानीय तहमा ६० प्रतिशत हिस्सा बाँडफाँट हुने घरजग्गा रजिष्ट्रेसन शुल्कको दर र दायरा निर्धारणको लागि कानुनबमोजिम निजी क्षेत्रसमेतको प्रतिनिधित्व हुने गरी गठित प्रदेशस्तरीय राजस्व परामर्श समितिको सिफारिस समेतका आधारमा करका दर र दायरा निर्धारण गरेको जनाएको छ ।

आर्थिक ऐन, २०७९ मा तीन पुस्ताभित्रको हकवालाबाहेक अन्यत्र हक हस्तान्तरण भई अप्रत्याशित रुपमा प्राप्त हुने यस्तो सम्पत्तिमा तीन पुस्ताभित्रको हकवालामा हुने हक हस्तान्तरणको सरह नै शुल्क राख्दा न्यायोचित नहुने हुँदा सोभन्दा केही बढी मात्रै शुल्क कायम गरिएको अर्थ मन्त्रालयको विज्ञप्तिमा जनाइएको छ । तीन पुस्ताभन्दा बाहिरबाट सम्पत्ति हक हस्तान्तरण विरलै हुने गरेको हुँदा उक्त व्यवस्थाले तात्विक असर नपर्ने विज्ञप्तिमा उल्लेख छ ।

गण्डकी प्रदेशमा आयात प्रतिस्थापन गर्नको लागि कृषि उत्पादन तथा उत्पादकत्व बढाउने कृषिजन्य उद्योग र रोजगारी सिर्जन गर्ने उत्पादनमूलक उद्योगलाई प्रवर्द्धन गर्न रजिष्ट्रेसन शुल्कमा छुट प्रदान गरिएको मन्त्रालयले जनाएको छ ।

# प्रादेशिक संरचना निर्माणका लागि जग्गाको भोगाधिकार माग

बागमती/मस- बागमती प्रदेश सरकारले प्रादेशिक संरचना निर्माणका लागि जग्गाको भोगाधिकार माग गर्न संघीय सरकार समक्ष सिफारिस गर्ने निर्णय गरेको छ ।

प्रदेश सरकारको मंगलबार बसेको मन्त्रिपरिषद बैठकले हेटौँडा उपमहानगरपालिका-१७ हटियास्थित मकवानपुर बहुमुखी सहकारी संस्था लिमिटेडको नाममा रहेको कित्ता नम्बर १८३ को १२ कट्ठा १२ धुर जग्गामा संरचना बनाउने गरी अनुमतिका लागि सिफारिस माग गर्ने निर्णय गरेको प्रदेश सरकारका प्रवक्ता तथा प्रदेशका आन्तरिक मामिला तथा कानुनमन्त्री कृष्ण शर्मा खनालले जानकारी दिए । यसअघि सोही ठाउँको आठ कट्ठा जग्गाको भागाधिकार प्राप्तिका लागि सिफारिस माग गरिएको थियो ।

बैठकले प्रदेश मातहतका विभिन्न कार्यालयमा कार्यरत करार सेवाका कर्मचारीलाई पनि महँगी भत्ता उपलब्ध गराउने निर्णय गरेको छ । मन्त्री शर्माका अनुसार प्रदेशका करार कर्मचारीले अब मासिक रु दुई हजारका दरले महँगी भत्ता पाउने छन् । मन्त्रिपरिषद् बैठकले गत आवमा विकास योजनाको काम सम्पन्न भएका र असार मसान्तमा भुक्तानी हुन बाँकी रहेको करिब रु तीन अर्ब रकमको यकिन विवरण संकलन गरेर भुक्तानी प्रक्रिया अगाडि बढाउने निर्णय गरेको मन्त्री खनालले जानकारी दिए ।

# बलात्कार मुद्दाका फरार व्यक्ति पक्राउ

**काठमाडौं/मस–** प्रहरीले जबर्जस्ती करणी मुद्दामा कैद तोकिएर फरार रहेका एक व्यक्तिलाई प्रहरीले मंगलबार काठमाडौंबाट पक्राउ गरेको छ । काठमाडौं महानगरपालिका-१४ कालीमाटीमा ग्यारेज/वर्कशप सञ्चालन गरी बस्ने भारत मोतीहारी तुरकौलिया थाना रगुनाथपुर गाउँका ४७ वर्षीय सकील खानलाई पक्राउ गरिएको प्रहरी प्रधान कार्यालयले जनाएको छ ।

उच्च अदालत पाटनको २०७६ भदौ ८ गतेको फैसलाले जबर्जस्ती करणी मुद्दामा पाँच वर्ष कैद ठहर भई फरार रहेका उनलाई केन्द्रीय अनुसन्धान ब्यूरो महाराजगञ्जबाट खटिएको प्रहरीले काठमाडौंको कुलेश्वरबाट पक्राउ गरेको हो ।

खानले विसं २०७३ फागुन ८ गते ३२ वर्षीया महिलालाई मादक पदार्थ सेवन गराई व्यापारका लागि सामान किन्न भारत लैजाने बहानामा सुन्धारास्थित एक होटलमा लगेर करणी गरेका थिए । उनलाई फैसला कार्यान्वयनका लागि जिल्ला अदालत काठमाडौंमा पेश गरिएको जनाइएको छ ।

यसैबीच काठमाडौंको चन्द्रागिरि नगरपालिका-२ नागढुङ्गाबाट १० किलो अवैध लागुऔषध गाँजासहित धादिङको थाक्रे गाउँपालिका-३ बस्ने २० वर्षीय तेज तामाङलाई मंगलबार प्रहरीले पक्राउ गरेको छ ।

धादिङबाट काठमाडौं आउँदै गरेको बा८०प १०३३ नम्बरको मोटरसाइकल जाँच गर्ने क्रममा तामाङले झोलामा लुकाई ल्याएको अवस्थामा उक्त गाँजा बरामद गरिएको जनाइएको छ । उक्त घटनामा आवश्यक अनुसन्धान भइरहेको छ ।

# बर्डफ्लु प्रभावित किसानलाई छिट्टै राहत

**चितवन/मस–** बर्डफ्लु प्रभावित किसानलाई छिट्टै राहत दिइने भएको छ । बर्डफ्लु नियन्त्रणका क्रममा नष्ट गरिएका कुखुरा एवं अन्य बस्तुको राहत दिने सम्बन्धी मापदण्ड, २०७९ ले गत वर्ष प्रभावित किसानले राहत नपाउने भएपछि यस पटक मन्त्रिपरिषद्मा निर्णय गरी राहत दिन लागिएको हो ।

मापदण्ड पारित भएपछि मात्र लागू हुने भएकाले यस अघिका प्रभावित किसानको तथ्याङ्क सङ्कलन गरी यस पटकका लागि मन्त्रिपरिषद्मा लैजाने तयारी गरिएको हो । पशुसेवा विभागका सूचना अधिकारी चन्द्र ढकालका अनुसार देशभरका १६ जिल्लामा बर्डफ्लुको प्रभाव देखिएको छ ।

ती जिल्लाका प्रमुख जिल्ला अधिकारीको संयोजकत्वमा गठन भएको समितिले दररेट निर्धारण गर्ने छ । चार जिल्ला बाहेक अन्य जिल्लाबाट क्षतिको विवरण विभागमा पुगिसकेको ढकालले बताउनुभयो । बाँकी ती जिल्लामा छिटो गर्न ताकेता गरिएको छ । बाँकी जिल्लाबाट विवरण आएसँगै विभागले कृषि तथा पशुपक्षी विकास मन्त्रालय फाइल पठाउने छ ।

ढकालले भने, 'हामी सकेसम्म साउनमानै मन्त्रिपरिषद्मा फाइल लगेर राहत दिने गरी तयारीमा जुटेका छौं ।' आवश्यक कागजात तयार भएकाले चार जिल्लाको क्षतिपूर्तिको विवरण आएसँगै मन्त्रिपरिषद्मा पठाउने तयारी गरिएको छ । कृषि तथा पशुपक्षी विकास मन्त्रालयले 'बर्डफ्लु नियन्त्रणका क्रममा नष्ट गरिएका वस्तुको राहत दिनेसम्बन्धी मापदण्ड-०७९' पारित भएसँगै किसानलाई क्षतिको ७५ प्रतिशत राहत रकम उपलब्ध गराउने बाटो खुलेको हो । बर्डफ्लु देखिएपछि नियन्त्रणका क्रममा पक्षी, पक्षीजन्य पदार्थ र पक्षी उत्पादन सामग्री नष्ट गर्ने गरिन्छ ।


## ALBANIA(EUROPE) मा रोजगारको अवसर

कम्पनी: Albania HR Solutions Ltd, Albania — शहर: ALBANIA,Tirana
पूर्व स्वीकृत मितिः २०७९/०१/१६ चलानी नं.: ६०१७८७६८ L.T. No.: 262398 पुन विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब USD | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Carpenter | 18 | 0 | स. काममा दक्ष | 600 | ७६,२९७ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Chef | 10 | 0 | | 600 | ७६,२९७ | | | | | | | |
| 3. | Cleaner | 4 | 1 | | 500 | ६३,५८० | | | | | | | |
| 4. | Electricain (Gen) | 10 | 0 | | 600 | ७६,२९७ | | | | | | | |
| 5. | Factory Worker | 2 | 15 | | 500 | ६३,५८० | | | | | | | |
| 6. | Farming Worker | 4 | 1 | | 500 | ६३,५८० | | | | | | | |
| 7. | Mason (Tiles/bolck/plaster) | 15 | 0 | | 600 | ७६,२९७ | | | | | | | |
| 8. | Plumber | 9 | 0 | | 600 | ७६,२९७ | | | | | | | |
| 9. | Steel Fixer | 10 | 0 | | 600 | ७६,२९७ | | | | | | | |
| 10. | Tailor | 14 | 15 | | 500 | ६३,५८० | | | | | | | |
| 11. | Waiter/waitress | 12 | 7 | | 500 | ६३,५८० | | | | | | | |
| 12. | Welder | 7 | 0 | | 600 | ७६,२९७ | | | | | | | |

कम्पनी: OFFICE OF H.H. SHEIKH HAMDAN BIN ZAYED AL NAHYAN — शहर: ABU DHABI
पूर्व स्वीकृत मितिः २०७८/०९/०२ चलानी नं.: ६०१७०८४१ L.T. No.: 254147

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Waiter/Waitress | 5 | 0 | सम्बन्धित काममा दक्ष | 1500 | ५१,९३० | क.नि अनुसार | ८ घण्टा | ६ दिन | क.नि अनुसार | छ | | २ वर्ष |
| 2. | Housekeeping | 5 | 0 | | 1500 | ५१,९३० | | | | | | | |
| 3. | Cleaner | 10 | 0 | | 1000 | ३४,६२० | | | | | | | |
| 4. | Farmer/labor | 13 | 0 | | 1500 | ५१,९३० | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ भदौ १ र २ गते (17 & 18 August 2022) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

CRS (श्रम इजाजत नं. ९२४/०६७/०६८)
क्यापिटल रिक्रुटमेण्ट सर्भिस प्रा.लि.
Basudhara Chowk (Near Diyalo Party Palace, Trisul House Same Building, 4 th & 5 th Floor) Kathmandu | Office No.: 01-4987164, 4988732 | Mob No. 9813843289, 9841770604, 9841144169
Kathmandu Contact No.: 9813843289, 9841770604, 9818770029
Pokhara Contact No.: 9824162123, 9804105844, 9846977855



## Qatar मा रोजगार

१. कम्पनी: SWISS LABEL CO. — शहर: DOHA
पुर्व स्वीकृत मिति: २०७९/०१/११ चलानी नं.: ६०१७८४२२ LT. No.: 262140 पून विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
